**सुदूरपश्चिम प्रदेश**
**मन्त्रिपरिषद बैठकको निर्णयहरु**
**प्रदेश मन्त्रिपरिषद बैठक संख्याः- ३८/२०७५**
**मितिः- २०७५/११/०१**

**निर्णयहरु**

१. "स्वास्थ्य सम्बन्धी कार्यालय स्थापना तथा संचालन" विषयको सामाजिक विकास मन्त्रालयको नं. ६/१७/१२०-२०७५/१०/१७ को प्रस्तावमा देहाय बमोजिम गर्ने-

"प्रस्तावमा लेखिए बमोजिम गर्ने।"

२. "हवाई उद्धार सम्बन्धी कार्यविधि, २०७५" स्वीकृति प्रदान गर्ने विषयको सामाजिक विकास मन्त्रालयको नं. ६/१८/१२१-२०७५/१०/१५ को प्रस्तावमा देहाय बमोजिम गर्ने-

"प्रस्तुत प्रस्ताव सम्बन्धित मन्त्रालयमा फिर्ता पठाउने।"

३. "सुदूरपश्चिम आयुर्वेदिक प्रतिष्ठान स्थापना र संचालन" विषयको सामाजिक विकास मन्त्रालयको नं. ६/१९/१२२– २०७५/१०/२२ को प्रस्तावमा देहाय बमोजिम गर्ने-

"प्रस्तुत प्रस्ताव सम्बन्धित मन्त्रालयमा फिर्ता पठाउने।"

४. "द्वारिकादेवी ठकुरानी महिला सशक्तिकरण कार्यक्रम संचालन कार्यविधि, २०७५ लाई स्वीकृति दिने" विषयको सामाजिक विकास मन्त्रालयको नं. ६/२०/१२३-२०७५/१०/२१ को प्रस्तावमा देहाय बमोजिम गर्ने-

क) दफा १७ को सट्टा देहायको दफा १७ राखे-

"दफा १७: प्रशिक्षार्थी संख्या निर्धारणः

यस कार्यविधि बमोजिम सञ्चालन हुने तालिममा सम्बन्धित जिल्लाका योग्यता पुगेका कम्तीमा ५० जना महिलाहरूलाई प्रशिक्षार्थीको रुपमा छनौट गरी २५/२५ जनाको समूह विभाजन गरी दुई समूहमा प्रशिक्षण दिनुपर्नेछ।"

ख) दफा १८ को सट्टा देहायको दफा १८ राखे-

"दफा १८: प्रशिक्षार्थी छनौटः

(१) मन्त्रालयले अनुसूची ५ बमोजिमको ढाँचामा सार्वजनिक सूचना प्रकाशित गर्नुपर्नेछ । त्यस्तो सूचना सम्बन्धित स्थानीय तहमा समेत पठाउनु पर्नेछ ।

(२) तालिम लिन चाहने व्यक्तिले स्थानीय तहको सिफारिस सहित अनुसूची ६ बमोजिमको ढाँचामा तालिम प्रदायक संस्था समक्ष आवेदन बुझाउनु पर्नेछ ।

(३) मन्त्रालयबाट तोकिएका अधिकृत प्रतिनिधिको संयोजकत्वमा तालिम प्रदायक संस्था र सम्बन्धित जिल्ला समन्वय समितिले तोकेको सदस्य वा अधिकृत प्रतिनिधि रहेको एक प्रशिक्षार्थी छनौट समिति हुनेछ । उक्त समितिले मन्त्रालयले तोकेको आधारमा उपदफा (२) बमोजिम प्राप्त आवेदनहरु मध्येबाट योग्य प्रशिक्षार्थीको छनौट गरी तालिम प्रदायक संस्थालाई उपलब्ध गराउनु पर्नेछ।"

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,सुदूरपश्चिम प्रदेश

५. "प्रादेशिक गौरवका योजनाहरु छनौट गर्ने सम्बन्धी" विषयको भौतिक पूर्वाधार विकास मन्त्रालयको नं. ४/३/१२४– २०७५/१०/२३ को प्रस्तावमा देहाय बमोजिम गर्ने-

| सि.नं. | योजनाको नाम | जिल्ला |
|---|---|---|
| १ | खप्तड– मार्तडी सडक (सिङ्गडा-काँडा जय बागेश्वरी गैरीखांद डोगडी आटीचौर– मार्तडी) | बाजुरा |
| २ | सदबाज–श्रीभावर–हाट–दार्चुला सडक | बैतडी |
| ३ | चिसापानी – ऋषिदह वडिमालिका सडक (चिसापानी-जंगलघाट-तुर्माखाद-गैरीटाड-कालागाँउ दर्ना माझेठाना-जयगढ-नन्देगडा-मेल्लेक-सोडसा-ऋषिदह-वडीमालिका) | अछाम |
| ४ | दैजी– पोखरा– ढुङ्गाड– बझाङ्ग सडक (दैजी-जोगवुडा-चिरकिट्टे-घटाल-पोखरा-बेलापुर-ढुङ्गाड-बझाङ्ग) | डडेल्धुरा |
| ५ | देथला– खार खलङ्गा– खन्डेश्वरी सडक (देथला- खार खलङ्गा बलाच-बिटुले-लटिनाथ-पारिबगर-खन्ट्रेश्वरी) | दार्चुला |
| ६ | दिपायल– साइपाल सडक (सिलगढी-पातिहाल्ले-सानुखोला- थलाराखोली विप्रा-कुचेखोला-जडार-पानकोट- तपोवन तल्कोट-धलौनकाकरकोट – साइपाल हिमाल वेसी साइढुङ्गा हुँदै हुम्ला जिल्लाको सिमाना रानी खर्क नाम्या गाँउपालिका) | बझाङ्ग |
| ७ | सहजपुर-बोक्टान-दिपायल सडक | डोटी |
| ८ | बेलौरी-कलुवापुर-नाइल-बुडर सडक | कंचनपुर |
| ९ | भजनी– छोटीभन्सार खेमडी ठुलीगाड सडक (भजनी– छोटीभन्सार लालबोझी भजनी जोशीपुर फल्ले– बीसौना सल्लेरी राक्सा कोल्तडी खिमडी ठुलीगाड) | कैलाली |

६. "सुदूरपश्चिम प्रदेश अस्पताल व्यवस्थापन समिति गठन आदेश, २०७५ उपर संशोधन गर्ने" विषयको सामाजिक विकास मन्त्रालयको ६/२१/१२५– २०७५/११/०१ को प्रस्तावमा देहाय बमोजिम गर्ने–

"प्रस्तावमा लेखिए बमोजिम गर्ने।"

मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश